लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
**डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध)**
चन्द्रौटा, कपिलवस्तु

<u>शिलवन्दी दरभाउपत्र आह्वानको विस्तृत सूचना</u>

(बुटवल टुडेमा प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२८)

यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन तर्फ निम्नानुसार आवश्यक सामान आपुर्ति तथा खरिद कार्य भएको हुँदा इच्छुक र योग्यता पुगेका फर्म/सप्लायर्स वा कम्पनीहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा नेपाल बैंक लिमिटेड, चन्द्रौटा शाखा, खाता नं. २७४०२०००००१००१०००००१, कार्यालय कोड नं. ३२९०१४९०२५, राजश्व शिर्षक नं. १४२२९ मा रु. १,०००/- जम्मा गरेको बैङ्क भौचर कार्यालयमा पेश गरी शिलबन्दी दरभाउपत्र फाराम खरीद गरी १६ औं दिनको ३:०० बजे भित्र कार्यालयमा रीतपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ र विस्तृत सूचना कार्यालयको वेबसाइट https://dfogautambuddha.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | लागत अनुमान रू. (मु.अ.कर बाहेक) | धरौटी/Bid security रकम रू. | Bid validity अवधि | धरौटी/Bid security रकम जम्माका लागि खाताको विवरण |
|---|---|---|---|---|---|---|
| १ | 06/DFOG/081-82 | सरकारी तथा सार्बजानिक जग्गामा बृक्षारोपण र संरक्षणका लागि प्रिकाष्ठ R.C.C. फेन्सिङ पोष्ट र काँडेतार खरिद कार्य | ६,११,७१२/- | १८,०००/- (Validity period: ७५ दिन को A class बैंकबाट जारी भएको) | ४५ दिन | राष्ट्रिय बाणिज्य बैंक, तौलिहवा, खाता नं. ३११०१००२०२०३००००, खाताको नाम: KHA-2-3:DHARAUTI |

**<u>शर्तहरू</u>**

१) सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न सिलवन्दी दरभाउ पत्रदाताले सिलवन्दी दरभाउपत्रका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) फर्म, संस्था, सप्लायर्स वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग) सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणा ।

घ) आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२) सिलवन्दी दरभाउपत्र फाराम रु. १,०००।- (फिर्ता नहुने गरी) नेपाल बैंक लिमिटेड, चन्द्रौटा शाखा, खाता नं. २७४०२०००००१००१०००००१, कार्यालय कोड नं. ३२९०१४९०२५, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको बैङ्क भौचर र निवेदन कार्यालयमा पेश गरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति

२०८२।०२।११ गते) सम्म कार्यालय समय भित्र खरिद गरि तथा उक्त खरिद गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा १६ औ दिनको दिउँसोको १२:०० बजे सम्ममा खरिद गरी १६ औ दिन (मिति २०८२।०२।१२ गते) को ३:०० बजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलवन्दी दरभाउपत्र फाराममा दर रेट अंक/अक्षरमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाउमा दरभाउपत्रदाताले दस्तखत गरेको हुनुपर्नेछ ।

४) जसको नाममा विक्री भएको शिलवन्दी दरभाउपत्र हो, उसैको तर्फबाट दाखिला गर्नुपर्दछ ।

५) सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन पेश हुन आएका सिलवन्दी दरभाउपत्रहरु सोही दिन वा अर्को दिन दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

६) सूचनाको शर्त १ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको एवं स्पेसिफिकेशन बमोजिम नभएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

७) दरभाउपत्र दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु, परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

८) दरभाउपत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

यो सूचना यस कार्यालयको वेभसाईट https://dfogautambuddha.gov.np मा समेत हेर्न सकिनेछ । थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राखुहुन अनुरोध छ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)
चन्द्रौटा, कपिलवस्तु